# नगर कार्यपालिकाको ४२ औ बैठकका प्रस्ताब तथा निर्णयहरू

मिति २०७६/०७/०६ गते बुधबार, बिहान ७: ३० बजे

**१) ठेक्का बन्दोबस्त गर्ने योजनाहरु छनौट सम्वन्धमा,**

**निर्णय नं. १ :- भीमेश्वर नगरपालिका भित्र केहि बहुबर्षीय आयोजनाहरु नगरगौरवका आयोजनाका रुपमा सन्चालन भईरहेका परिप्रेक्ष्यमा उक्त आयोजनाका लागि आवश्यक पर्ने सम्पूर्ण अनुमानित लागत चालु आर्थिक बर्षमा सुनिश्चित गर्न नसकिने भएकोले आगामी आ.ब.हरुमा भीमेश्वर नगरपालिकाको मौज्दात रकमबाट वा ३ नं. प्रदेश सरकारबाट वा नेपाल सरकार समक्ष प्रस्ताब गर्न सकिने समपुरक, विशेष अनुदान रकम वा अन्य निकायबाट प्राप्त गर्न सकिने रकम बाट नगरपालिकाको आगामी आ.ब. को विनियोजन ऐन मार्फत संसोधन गर्ने गरी हाल तपशिल बमोजिम बहुबर्षीय ठेक्का बन्दोबस्त गरी कार्यान्वयन गर्ने यसमा पटक पटक ठेक्का सुचना गर्नु पर्दा लाग्ने लागत समेत कम गराई आयोजनाको श्रोत सुनिश्चित गरी तपशिल बमोजिमका लागत स्वीकृत गर्ने निर्णय गरियो ।**

**तपशिल**

| क्र.स. | आयोजनाको नाम | जम्मा ल.ई. रकम रु | हाल ठेक्का प्रस्ताब रकम रु | चालुआर्थिक वर्षमा उपलब्ध श्रोत | प्रदेश समपुरक प्रस्तावित रु | नपुग रकम रु | मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | कबर्ड हल | १०,१७,२९,५७२/०७ | ६,७२,०७,२२८/२९ | २,००,००,००० /- | १,००,००,०००/- | ३,७२,०७,२२८/२९ | RCC Work Complete,walls, Roof, D/W, Toilet and plaster |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | टुडिखेल स्तरोन्नति | रु १७,८१,९४,६८५/३० | रु१०,७०,०८,२५०/३८ | रु २,४०,००,०००/- | रु ५,००,००,०००/०० | रु ३,३०,०८,२५०/३८ | parapet block, players changig room with toilet and landscpe |
| ३ | सुचना केन्द्र सहितको भीमेश्वर प्रवेश द्वार | २,००,००,०००/- | १,७२,४५,७३१.१९ | ४५,००,०००/- | ------ | १२७,४५,७३१/११ | शौचालय ,पार्क सहित प्रवेश द्वार सम्पन्न |

निर्णय नं .२:-चालु आ.व.का लागि यस नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तीस लाख भन्दा माथिका तपशिलका आयोजनाहरु ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | आयोजनाको नाम | वडा नं . | ल.ई. रु | कैफियत |
|---|---|---|---|---|
| १ | पाखालाती भवन | २ | तीस लाख | |
| २ | अनाथालय---गाईघाट सडक | ५ | पैतालिस लाख | |
| ३ | पातिखोला–कुप्री–तिन्खले–सेरा सडक | ६ र ७ | पचास लाख | उखुबारी मार्ग |
| ४ | भटमासे – जिलु-कात्तिके –जफती गोलाई सडक | ४ र ५ | पचास लाख | |
| ५ | मदन आश्रित मार्ग | ९ | पचहत्तर लाख | |

| | | | | |
|---|---|---|---|---|
| ६ | अनाथालय -महांकाल - कोथे खोला | ५ | पचास लाख | महांकाल मार्ग |
| ७ | शहरी सडक (सडकबोर्ड) बाट प्राप्त हुने रकमबाट चरिकोट बजार क्षेत्रका पक्कि सडकहरूको मर्मत सुधार गर्ने . | ३ र ६ | बहत्तर लाख पचास हजार | |

निर्णय नं . ३:- यस नगरपालिका अन्तर्गत वार्ड नं ८ कार्यालयको च नं. २८१ मिति २०७६/०६१४ को पत्रबाट स्वास्थ्य चौकी बोच र ८ नं. वडा कार्यालयको लागि भवन निर्माण गर्न जग्गा आवश्यक परेकोले स्वास्थ्य चौकी बोच र ८ नं. वडा कार्यालयको नाममा जागा धनि पुर्जा समेत प्राप्त गरी रकम भुक्तानी माग भइ आएको छ । सार्वजनिक निकायले खरिद गर्दा खरिद ईकाईको निर्णय, सार्वजनिक प्रतिस्पर्दा, मुल्यांकन समितिको सिफारिस र भुक्तानी गरी लगत बाध्नु पार्ने हुन्छ । यद्यपि ८ नं. वडा कार्यालय र स्वास्थ्य चौकी बोचको नाममा रकम व्यक्तिबाट सापट लिई खरिद गरेको विषयमा स्थानीय कारोवार मूल्य बुझ्दा न्यूनतम नै रहेको देखिन्छ र पाँच लाख भन्दा कम रकमको सोझै खरिद गर्न सकिने पनि प्रावधान छ ।

प्रस्तुत सन्दर्भमा आगामी दिनमा खरिद प्रक्रिया पूर्ण पालना हुनेगरी सूचित गर्ने र हाल ८ नं. वडा कार्यालयको नाममा कृष्ण कुमारी खत्री भी. न. पा. ९ समेत बाट जग्गा खरिद गरी भुक्तानी दिएको रु चारलाख त्रियानब्बे हजार पाँच सय अठहत्तर , बोच स्वास्थ्य चौकीको नाममा कृष्ण कुमारी खत्री भी. न. पा. ९ समेतबाट जग्गा खरिद बापत गरेको भुक्तानी रु दुई लाख पचहत्तर हजार एकसय चौरासी तथा खरिद बापत भुक्तानी गरिएका राजस्व रकमहरु समेत अनुमोदन गरी यस कार्यालयको चालु आ.ब.मा स्वीकृत विनियोजन ऐनको वडा कार्यालय भवन तर्फको बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४:- यस नगरपालिकाको वडा नं.३ सातदोबाटोमा सार्वजनिक शौचालय सहितको सपिंग कम्प्लेक्स निर्माणाधीन छ । सो स्थानमा साबिकमा पुरानो भवन रहेको र यस नगरपालिकाको नाममा ग्राहक नं.००१-२२-२०२ को बिधुत महशुल बक्यौता रहन गई नयाँ भवन निर्माण कार्य गर्न आवश्यक बिधुत सेवा जडान गर्न पुरानो बक्यौता रु एकलाख अठचालिस हजार सात सय चालिस पैसा चालिस चालु आ.ब. को बिधुत महशुल शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ५ :- (क) चालु आ.व. का लागि यस नगरपालिकाको कृषि तथा पशुपालन विषेश कार्यक्रम संचालन गर्न रु ३०,००,०००/-विनियोजन भएको छ । कृषि अनुदान तथा प्रबर्द्धनात्मक कार्यक्रममा सबै वडाहरुमा एकरुपता ल्याई ब्यबस्थित बनाउन कार्यालयको कृषि शाखाबाट प्रस्ताव गरिएको भीमेश्वर नगरपालिकाको नगर कृषि कार्यक्रम संचालन कार्यविधि २०७६ आवश्यक संसोधन सहित पारित गर्ने निर्णय गरियो ।

ख) उपरोक्तानुसार चालु आ.ब. मा विनियोजित रु ३०,००,०००/- मध्ये रु १०,००,०००/- पशु सेवा क्षेत्रमा छुट्याइ रु १०,००,०००/- बाट संलग्न बमोजिम प्रस्ताव गरिएका कृषि कार्यक्रम लागत अनुमान स्वीकृत गरी कार्यान्वयनमा गर्ने निर्णय गरियो।

निर्णय नं. ६ :- सामाजिक विकास मन्त्रालय ३ नं. प्रदेशबाट आ.ब. ७६/७७ को वार्षिक कार्यक्रम अनुसार यस नगरपालिकालाई एक बिद्यालय एक नर्स कार्यक्रमको एक कोटा प्राप्त भएकोमा यस न.पा. भित्र रहेको एक मात्र छात्रा बिद्यालय श्री पशुपति कन्या मा.बि. चरिकोटलाई छनौट गरि पठाउने निर्णय गरियो ।

निर्णय नं. ७ :- यस नगरपालिका ६ स्थित भ्यूटावर समेतलाई खानेपानी तथा शौचालय समेतको ब्यबस्था गर्न भी.न.पा. १ उपलब्धाता रहेको खानेपानी मुहानलाई विश्वशान्ति बुद्धपार्क –- भ्यूटावर खानेपानी आयोजना संचालन गर्न एक घर एक धारा शीर्षकबाट बाट रु २०,००,०००/-(बीसलाख) बिनियोजन गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

विविध निर्णय नं. ८ :-

८ (क)जिल्ला प्रहरी कार्यालय चरिकोट दोलाखाको प.स.१-०१-०५-०७६ मिति २०७६/०६/०३ को पत्रबाट सम्बन्धित वडा कार्यालयको सिफारिस समेत राखी प्रहरी चौकी खरीढुङ्गाका लागि स्थानीय वासी हरुले समेत प्रयोग गर्ने गरी एक हजार लिटरको खानेपानी ट्यांकी खरिद गरिदिन निवेदन माग भएकोले प्रहरी चौकी खरीढुङ्गालाई १,०००/-लिटरको खानेपानी ट्यांकी उपलब्ध गराउने निर्णय गरियो

८ (ख ) सामुदायिक बिकास मंच (CDF ) नेपालले यस नगरपालिकाको वडा नं. ८ मा खानेपानी, स्वच्छता तथा सरसफाई सम्बन्धि सुचकहरू पुरा गरी नमुना समुदाय घोषणा गर्ने कार्यक्रम प्रस्ताब राखेको र भाडा सुकाउने चांग निर्माण गर्न नगरपालिकाले (२०० चांग) को लागि आवश्यक रकम साझेदारी गर्ने निर्णय गरियो ।

८ (ग ) दोलखा डान्स क्रुले )"दोलखा सास्कृतिक ,साँगितिक महोत्सब २०७६ " संचालन (गत असोज ११ गते ) आयोजना गरेकोमा आर्थिक सहयोग माग गरेकोले जनतासंग मेयर कार्यक्रमबाट रु २५,०००/- पचिस हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

८ (घ) राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान नेपाल जिल्ला कार्य समिति दोलाखाले "दोलखा लोकतारा २०७६ " संचालान गर्न प्रस्ताब पेश गरेकोमा उक्त कार्यक्रम संचालन गर्न

जनतासंग मेयर कार्यक्रमबाट रु २५,०००/- पचिस हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

८ (ङ्) दोलखा उधोग बाणिज्य संघले आफ्नो भवन पुनः निर्माण गर्ने आर्थिक सहायता माग गरेकोमा संघ सस्था समन्वय शिर्षकबाट रु १,००,०००/- (एक लाख) मात्र उपलब्ध गराउने र बृहत दोलखा महोत्सब २०७६ आयोजना गर्न अनुमति माग गरेकोमा यस नगरपालिका समेतको सहभागितामा संयुक्त रुपमा आयोजाना गर्न अनुमति दिने निर्णय गरियो ।

८ (च) यस नगरपालिकाको वार्ड नं. ६ मा रहेको सिम्पानी पोखरी तथा भ्युटावर भाडामा संचालन गर्न चालु आ.ब. को लागि बार्षिक न्युनतम शुल्कमा स्थानीय संघ सस्थाले पेश गरेको प्रस्तावमा आर्थिक ऐन २०७६ मा रहेको प्रावधान भन्दा न्युन रकम नहुने गरी स्थानीय सस्थाहरुलाई सम्झौताका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन काअर्यालयलाई निर्देशन दिने निर्णय गरियो।

८ (छ ) रेवन सापकोटा ( नेपालि माइकल ज्याक्सन ) भी.न.पा. ५ ले भ्रमण बर्ष २०२० लक्षित गरि पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्न आर्थिक सहयोग माग गरेकोमा पर्यटन प्रबर्धन शीर्षकबाट रु २५,०००/- पचिस हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

८ (ज) श्री नेपाली सेना, तारादल गण चरिकोट ब्यारेकबाट आगामी मङ्सिर १ देखि ४ गतेसम्म समुहमा आधारित विपतप्रतिकार्य तालिम संचालन हुने भएकोले २५ जना सहभागी छनौट गरी पठाई दिन र ४० जना सहभागीको लागी तालिम अवधिभर खाजा तथा स्टेशनरी र प्रमाणपत्र लागत साझेदारी गरि दिन अनुरोध भई आएकोमा उक्त कार्यक्रम उपयोगी भएकोले प्रत्यक वडाबाट वडाध्यक्ष समेत महिला १ र पुरुष १ जना गरि ३ जनाको दरले २७ जना सहभागी गराउने र ४० जना सहभागीको लागी तालिम अवधिभर खाजा तथा स्टेशनरी र प्रमाणपत्र लागत साझेदारी गर्ने निर्णय गरियो ।

८ (झ) ३ नं. प्रदेश सामाजिक विकास मन्त्रालयबाट प्राप्त भएको पुरस्कार रकम रु १,००,०००/- (एक लाख ) मध्य २५% कर कट्टा गरी बाँकी रकम रु ७५,०००/-भीमेश्वर नगरपालिका बालकोष मा राख्ने निर्णय गरियो ।

८ (ञ) नेपाल बुद्धिचाल संघले अन्तरराष्ट्रिय स्तरको बुद्धिचाल प्रतियोगिता संचालन गर्ने प्रस्ताव पेश गरेकोमा उक्त प्रतियोगिता संचालन गर्न खेलकुद कार्यक्रम शीर्षकबाट रु ५०,०००/- (पचास हजार मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

# नगर कार्यपालिकाको ४२ औ बैठकका प्रस्ताबहरु

मिति २०७६/०७/०६ गते
बुधबार, बिहान ७: ३० बजे

**प्रस्तावहरु :**

२) ठेक्का बन्दोबस्त गर्ने योजनाहरु छनौट सम्वन्धमा,

**निर्णय नं. १ :- भीमेश्वोर नगरपालिका भित्र केहि बहुबर्षीय आयोजनाहरु नगरगौरवका आयोजनाका रुपमा सन्चालन भईरहेका छन। उक्त आयोजनाका लागि आवश्यक पर्ने सम्पूर्ण अनुमानित लागत चालु आर्थिक बर्षमा सुनिश्चित गर्न नसकिए तापनि आगामी आ.ब.हरुमा भीमेश्वोर नगरपालिकाको मौज्दात रकमबाट वा ३ नं प्रदेश सरकारबाट वा नेपाल सरकार समक्ष प्रस्ताब गर्न सकिने समपुरक, विशेष अनुदान रकम वा अन्य निकायबाट प्राप्त गर्न सकिने रकम बाट नगरपालिकाको आगामी आ.बा. को विनियोजन ऐन मार्फत संसोधन गर्ने गरी हाल तपशिल बमोजिम ठेक्का बन्दोबस्त गरी पटक पटक ठेक्का सुचना गर्नु पर्दा लाग्ने लागत कम गराई आयोजना सम्पन्नताको सुनिश्चित गर्ने .**

**तपशिल**

| क्र.स. | आयोजनाको नाम | जम्मा ल.ई. रकम | हाल ठेक्का प्रस्ताब रकम | चालुआर्थिक वर्षमा उपलब्ध श्रोत | प्रदेश समपुक प्रस्तबरु | नपुग रकम | मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | कबर्ड हल | १०,१७,२९,५७२.०७ | छ करोड | दुई करोड | एक करोड | तीन करोड | RCC Work Complete, walls, Roof, D/W, Toilet and plaster |
| २ | टुडिखेल स्तरोन्नात्ति | १२,०४,९४,७९८.५० | तीन करोड | एक करोड | एक करोड | साठी लाख | parapet block, players |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | चालिसला ख | | | changing room with toilet and landscpe |
| ३ | सुचना केन्द्र सहितको भीमेश्वोर प्रवेश द्वार | १,६७,३९, ०५१.५३ | एक करोड पचास लाख | एक करोड पन्द्र लाख | ------ | पैतिस लाख | शौचालय,पार्क सहित प्रवेश द्वार सम्पन्न |

**निर्णय नं .२:-चालु आ.व.का लागि यस नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तीस लाख भन्दा माथिका तपशिलका आयोजनाहरु ठेक्का बन्दोबस्त गर्ने ।**

**तपशिल**

| क्र.स. | आयोजनाको नाम | वडा नं . | ल.ई. रु | कैफियत |
|---|---|---|---|---|
| १ | पाखालाती भवन | २ | तीस लाख | |
| २ | अनाथालय -गाईघाट सडक | ५ | पैतालिस लाख | |
| ३ | पातिखोला-कुप्री - तिन्खले -सेरा सडक | ६ र ७ | पचास लाख | उखुबारी मार्ग |
| ४ | भटमासे - जिलु-कात्तिके -जफाती गोलाई सडक | ४ र ५ | पचास लाख | |
| ५ | मदन आश्रित मार्ग | ९ | पचहत्तर लाख | |
| ६ | अनाथालय -महांकाल - कोथे खोला | | | महांकाल मार्ग |
| ७ | शहरी सडक (सडक बोर्ड ) (क)........................ (ख )........................... | १ -९ सबै | बहत्तरलाख पचास हजार | बडीमा दुईवटा सडक मर्मत गर्नुपर्ने |

निर्णय नं . ३:- यस नगरपालिका अन्तर्गत वार्ड नं ८ कार्यालयको च नं. २८१ मिति २०७६/०६१४ को पत्रबाट स्वास्थ्य चौकी बोच र ८ नं. वडा कार्यालयको लागि भवन निर्माण गर्न जग्गा आवश्यक परेकोले स्वास्थ्य चौकी बोच र ८ नं. वडा कार्यालयको नाममा जागा धनि पुर्जा समेत प्राप्त गरी रकम भुक्तानी माग भइ आएको छ । सार्वजनिक निकायले खरिद गर्दा खरिद ईकाईको निर्णय, सार्वजनिक प्रतिस्पर्दा, मुल्यांकन समितिको सिफारिस र भुक्तानी गरी लगत बाध्नु पार्ने हुन्छ । यद्यपि ८ नं. वडा कार्यालय र स्वास्थ्य चौकी बोचको नाममा रकम व्यक्तिबाट सापट लिई खरिद गरेको विषयमा स्थानीय कारोवार मूल्य बुझ्दा न्यूनतम नै रहेको देखिन्छ र पाँच लाख भन्दा कम रकमको सोझै खरिद गर्न सकिने पनि प्रावधान छ ।

प्रस्तुत सन्दर्भमा आगामी दिनमा खरिद प्रक्रिया पूर्ण पालना हुनेगरी सूचित गर्ने र हाल ८ नं. वडा कार्यालयको नाममा कृष्ण कुमारी खत्री भी. न. पा. ९ समेत बाट जग्गा खरिद गरी भुक्तानी दिएको रु चारलाख त्रियानब्बे हजार पाँच सय अठहत्तर , बोच स्वास्थ्य चौकीको नाममा कृष्ण कुमारी खत्री भी. न. पा. ९ समेतबाट जग्गा खरिद बापत गरेको भुक्तानी रु दुई लाख पचहत्तर हजार एकसय चौरासी तथा खरिद बापद भुक्तानी गरिएका राजस्व रकमहरु समेत अनुमोदन गरी यस कार्यालयको चालु आ.ब.मा स्वीकृत विनियोजन ऐनको वडा कार्यालय भवन तर्फको बजेटबाट भुक्तानी गर्ने ।

निर्णय नं. ४:- यस नगरपालिकाको वडा नं.३ सातदोबाटोमा सार्वजनिक शौचालय सहितको सपिंग कम्प्लेक्स निर्माणाधीन छ। सो स्थानमा साबिकमा पुरानो भवन रहेको र यस नगरपालिकाको नाममा ग्राहक नं. ००१-२२-२०२ को बिधुत महशुल बक्यौता रहन गई नयाँ भवन निर्माण कार्य गर्न आवश्यक बिधुत सेवा जडान गर्न पुरानो बक्यौता रु एकलाख अठचालिस हजार सात सय चालिस पैसा चालिस चालु आ.ब. को बिधुत महशुल शीर्षकबाट भुक्तानी दिने ।

निर्णय नं. ५ :- (क) चालु आ.व. का लागि यस नगरपालिकाको कृषि तथा पशुपालन विषेश कार्यक्रम संचालन गर्न रु ३०,००,०००/-विनियोजन भएको छ । कृषि अनुदान तथा प्रबर्द्धनात्मक कार्यक्रममा सबै वडाहरुमा एकरुपता ल्याई

ब्यबस्थित बनाउन कार्यालयको कृषि शाखाबाट प्रस्ताव गरिएको भीमेश्वर नगरपालिकाको नगर कृषि कार्यक्रम संचालन कार्यविधि २०७६ आवश्यक संसोधन सहित पारित गर्ने ।

ख) उपरोक्तानुसार चालु आ.ब. मा विनियोजित रु ३०,००,०००/- मध्ये रु १०,००,०००/- पशु सेवा क्षेत्रमा छुट्याइ रु २०,००,०००/- बाट संलग्न बमोजिम प्रस्ताव गरिएका कृषि कार्यक्रम लागत अनुमान स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।

निर्णय नं. ६ :- सामाजिक विकास मन्त्रालय ३ नं. प्रदेशबाट आ.ब. ७६/७७ को वार्षिक कार्यक्रम अनुसार यस नगरपालिकालाई एक बिद्यालय एक नर्स कार्यक्रमको एक कोटा प्राप्त भएकोमा यस न.पा. भित्र रहेको एक मात्र छात्रा बिद्यालय श्री पशुपति कन्या मा.बि . चरिकोटलाई छनौट गरि पठाउने ।

निर्णय नं. ७ :- विविध

(क) जिल्ला प्रहरी कार्यालय चरिकोट दोलाखाको प.स.१-०१-०५-०७६ मिति २०७६/०६/०३ को पत्रबाट सम्बन्धित वडा कार्यालयको सिफारिस समेत राखी प्रहरी चौकी खरीढुङ्गाका लागि स्थानीय वासी हरुले समेत प्रयोग गर्ने गरी एक हजार लिटरको खानेपानी ट्यांकी खरिद गरिदिन निवेदन माग भएको

ख ) ससस्त्र प्रहरी बल नेपाल १८ नं. गुल्म, चरिकोटले प्रहरी नायब उपरीक्षक निवासमा खाना पकाउने स्थान( kitchen ) अभाव रहेकोले १ कोठा kitchen निर्माण गर्न माग गरेको

(ग ) सामुदायिक बिकास मंच (CDF ) नेपालले यस नगरपालिकाको वडा नं. ८ मा खानेपानी, स्वच्छता तथा सरसफाई सम्बन्धि सुचकहरू पुरा गरी नमुना समुदाय घोषणा गर्ने कार्यक्रम प्रस्ताब राखेको र भाडा सुकाउने चांग निर्माण गर्न नगरपालिकाको ३०% साझेदारी (२०० चांग) को रु साठी हजार रकम माग गरेको छ ।

(घ ) दोलखा डान्स क्रुले )"दोलखा सास्कृतिक ,साँगितिक महोत्सब २०७६ " संचालन (गत असोज ११ गते )आयोजना गरेकोमा आर्थिक सहयोग माग गरेको

ङ्) दोलखा उधोग बाणिज्य संघले आफ्नो भवन पुनः निर्माण गर्न आर्थिक सहायता र बृहत दोलखा महोत्सब २०७६ आयोजना गर्न अनुमति माग गरेको

च ) भिनापा. १ स्थित ट्याकसिङ्खोला RCC पुल निर्माण उपभोक्ता समितिको निर्णय प्रतिलिपि र वडाको सिफारिस राखी RCC पुल निर्माण माग गरेको

छ ) भिनापा. १ स्थित थाङ्ने खोला RCC पुल निर्माण उपभोक्ता समितिको निर्णय प्रतिलिपि र वडाको सिफारिस राखी RCC पुल निर्माण माग गरेको

ज )यस नगरपालिकाको वार्ड नं. ६ मा रहेको सिम्पानी पोखरी भाडामा संचालन गर्न चालु आ.ब. को लागि बार्षिक न्युनतम शुल्क : रु ५०,०००/- आर्थिक ऐन २०७६ मा रहेको छ । गैरास्वारा समाजसेवा समिति वडा नं ६ ले उक्त पोखरी संचालन गर्न प्रस्ताब पेश गरेको छ। उक्त पोखरी हिउद महिनामा पानिकम हुने र संचालन हुन नसक्ने हुदा जति महिना संचालन आएपनि दामासहिले रकम भुक्तानी गर्ने गरि संचालन गर्न सम्झौताका लागि निवेदन पेश भएको ।

झ ) रेवन सापकोटा ( नेपालि माइकल ज्याक्सन ) भी.न.पा. ५ ले भ्रमण बर्ष २०२० लक्षित गरि पर्यटकीय स्थलहरुको प्रचारप्रसार गर्न आर्थिक सहयोग माग गरेको ।

ञ) श्री नेपाली सेना ,तारादल गण चरिकोट ब्यारेकबाट आगामी मङ्सिर १ देखि ४ गतेसम्म समुहमा आधारित विपतप्रतिकार्य तालिम संचालन हुने भएकोले २५ जना सहभागी छनौट गरी पठाई दिन र ४० जना सहभागीको लागी तालिम अवधिभर खाजा तथा स्टेशनरी र प्रमाणपत्र लागत साझेदारी गरि दिन निवेदन प्राप्त भएको छ ।

६) विविध

क) बिधुत प्राधिकरणको बक्यौता बिल भुक्तानी गर्नुपर्ने रु १,४७,७९७/- (सातदोबाटो  भवन )

ख) गैरास्वारा समाजसेवा समितिले  सिम्पानी पोखरी संचालन गर्न अनुमति माग

ग) एडीबी  फोहोरमैला कवाडी प्रोसेसिङ्गले साझेदारीमा कामगर्न प्राबिधिक तथा आर्थिक सहयोग माग

घ ) खरीढुङ्गा प्रहरी चौकीलाई १००० लि को खानेपानी ट्याक माग .

ङ) वार्ड नं ८ को भवन निर्माणका लागि जग्गा खरिद गरेको रकम भुक्तानी रु  बारे

च ) भ्रमण बर्ष २०२० को उपलक्ष्यमा पर्यटन प्रबर्द्धन तथा प्रचारप्रसार का लागि सहयोग पाउ : रेवन सापकोटा ( नेपालि माइकलज्याक्सन ) भी.न.पा. ५

छ ) थाङने खोला पुल निर्माण  योजना भिनापा. १ लागतरु  १.४९ लाख

ज ) ट्याकसिङ्खोला RCC पुल निर्माण  योजना भिनापा. १

झ )नमुना स्वास्थ्य सामुदायिक कार्यक्रम संचालन सहयोग (CDF)

ञ)"दोलखा सास्कृतिक ,साँगितिक महोत्सब २०७६ " संचालन ,दोलखा डान्स क्रु

आज मिति २०७६/०७/०६ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ४२ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

**श्री भरत बहादुर के.सी.........................नगर प्रमुख**

**श्री कमला बस्नेत .......................नगर उप प्रमुख**

**श्री मान बहादुर खड्का.................(.प्र. प्र.अ.) सचिव**

**श्री बिर बहादुर थामी ......................वडा अध्यक्ष भी.न.पा. १**

**श्री विराजमान श्रेष्ठ ................... वडा अध्यक्ष भी.न.पा. २**

**श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३**

**श्री हरिवंश चौलागाई ................. वडा अध्यक्ष भी.न.पा. ४**

**श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५**

**श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६**

**श्री कैलाश कुमार श्रेष्ठ ............... वडा अध्यक्ष भी.न.पा. ७**

**श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८**

**श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९**

**श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य**

**श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,**

**श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,**

**श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,**

**श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,**

**श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,**

**श्री जमुना श्रेष्ठ ......................... कार्यपालिका सदस्य,**

**श्री किरण वली..................... . कार्यपालिका सदस्य,**